# लेखक परिचय

**गणेशराज आचार्य** वन व्यवस्थापनमा स्नातकोत्तर हुन् र हाल मेह कन्सल्टयान्ट्स्मा कार्यरत छन् ।

**ङमिन्द्र दाहाल** जलवायु विज्ञानमा स्नातकोत्तर हुन् र वातावरण परिवर्तनसम्बन्धी विषयमा उनका लेख रचनाहरू प्रकाशित छन् । हाल उनी राष्ट्रिय प्रकृति संरक्षण कोषमा कार्यरत छन् ।

**जगन्नाथ अधिकारी**ले मानव भूगोलमा विद्यावारिधि गरेका छन् । खाद्य सुरक्षा, ग्रामीण अर्थतन्त्र र जीविकोपार्जन, बसाइँसराई, भूमिसुधार तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान उनको रुचि हो । उनी मार्टिन चौतारीमा आबद्ध छन् ।

**ताराप्रसाद ज्ञवाली** विश्व वन्यजन्तु कोषका सहायक कार्यक्रम अधिकृत हुन् ।

**दिलराज खनाल** वातावरणीय कानुन व्यवसायी हुन्। उनी सामुदायिक वन उपभोक्ता महासङ्घको कानुनी सल्लाहकारको रूपमा कार्यरत छन्।

**नारायण बेल्बासे** वातावरणीय कानुन तथा वातावरणीय न्यायसम्बन्धी अध्ययन/अनुसन्धान तथा कार्यक्रम सञ्चालनमा लामो समयदेखि सक्रिय छन्। हाल उनी विश्व संरक्षण सङ्घ (आईयूसीएन) नेपालका राष्ट्रिय प्रतिनिधि हुन्।

**प्रताप श्रेष्ठ**ले रैथाने ज्ञान प्रणालीमा विद्यावारिधि गरेका छन्। उनी लामो समयदेखि बाली विकास तथा सहभागितामूलक बाली छनोटसम्बन्धमा कार्यरत छन्। हाल उनी लि-बर्डका कार्यकारी निर्देशक हुन्।

**भरत भण्डारी** लि-बर्डमा परियोजना अधिकृतको रूपमा कार्यरत थिए। हाल उनी बाली प्रजनन्मा स्नातकोत्तर तहमा अध्ययनरत छन्।

**मणिराम बन्जाडे** वन तथा प्राकृतिक स्रोत व्यवस्थापनमा स्नातकोत्तर हुन्। हाल उनी फरेस्टएक्सनमा कार्यरत छन्।

**यमुना घले** स्विस विकास सहयोग (एसडिसि) मा कार्यक्रम अधिकृतका रूपमा कार्यरत छन्। उनका विश्व व्यापार तथा खाद्य सुरक्षाका विषयमा लेख रचनाहरू प्रकाशित छन्।

**रामचन्द्र सेढाई** पर्यटन प्रवर्द्धन तथा ग्रामीण पर्यटन विकासका क्षेत्रमा कार्यरत छन्।

**रामप्रसाद आचार्य** एन्साबमा सामुदायिक वन, गैरकाष्ठ वन पैदावार उद्यम विकास तथा वन प्रमाणीकरण कार्यक्रममा कार्यरत छन्।

**रेशम गौतम** लि-बर्डमा कार्यक्रम अधिकृतका रूपमा कार्यरत थिए। हाल उनी उच्च शिक्षा अध्ययनरत छन्।

**विमला राई पौड्याल** प्राकृतिक स्रोत व्यवस्थापनमा महिला सहभागिता सम्बन्धमा विद्यावारिधि गरेकी छन्। हाल उनी जीविकोपार्जन तथा वन कार्यक्रममा आबद्ध छन्।

**विवेकधर शर्मा** ग्लोबल इन्भाइरन्मेन्ट फ्यासिलिटीअन्तर्गतको साना अनुदान कार्यक्रममा कार्यरत छन्।

**वीरबहादुर तामाङ** लि-वर्डमा परियोजना अधिकृतका रूपमा कार्यरत छन्।

**शरद घिमिरे** मार्टिन चौतारीमा आबद्ध अनुसन्धाता हुन्। हाल उनी वातावरणीय सुरक्षा विषयमा स्नातकोत्तर गर्दैछन्।

**सविता थापा**ले प्राकृतिक स्रोत तथा लैङ्गिकता सम्बन्धमा विद्यावारिधि गरेकी छन्। हाल उनी विश्व वन्यजन्तु कोष नेपालमा कार्यक्रम अधिकृतको रूपमा कार्यरत छन्।

**सुधा खड्का** लि-बर्डमा कार्यक्रम अधिकृतका रूपमा कार्यरत छन्। उनले हर्टिकल्चरमा उच्च अध्ययन गरेकी हुन्।

**सोमत घिमिरे** वातावरण संरक्षण, स्थानीय विकास तथा सामाजिक न्यायका क्षेत्रमा लामो समयदेखि सक्रिय छन्। उनी सामाजिक विकास संस्थामा आबद्ध छन्।

**हरिप्रसाद ढुङ्गाना** विकास अध्ययनमा विद्यावारिधि गर्दै छन्। उनको अनुसन्धानको विषय प्राकृतिक स्रोत व्यवस्थापन र सामाजिक न्यायको अन्तरसम्बन्ध हो।

**हेमसागर बराल** चरा विशेषज्ञ हुन्। उनी पन्छी संरक्षण सङ्घका कार्यकारी निर्देशक हुन्।